**आकाशवाणी समाचार- नेपाली**

**मितिः २४ अप्रेल २०२५**

**समयः ०७.२५ – ०७ः ३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- रहेको बताएका छन्|
- सम्भावना छ|
- जानु हुने छ|
- बताएका छन्|
- पराजित गरेको छ|

**विदेश मंत्रालय-सीसीएस**

भारतले पहलगाम आतंकी हमलापछि पाकिस्तान बिरुद्ध कडा कदम उठाएको छ| हिज बेलुकी प्रधानमंत्री आवासमा भएको सुरक्षामाथि मंत्रिमंडलीय समितिको बैठकमा समग्र सुरक्षा स्थितिको समीक्षा गरियो अनि सबै सुरक्षा बललाई कडा सतर्कता बनाई राख्ने निर्देश दिइयो| तत्काल प्रभावबाट अटारी एकीकृत सीमा चौकी बंद गरिएको छ|

Byte 1

बैठकपछि विदेश सचिव विक्रम मिसरीले संवाददातालाई बताए अनुसार पाकिस्तानको साथ 1960 को सिंधु जल समझौता रोकिएको छ|

Byte 2

सार्क वीजा छूट योजना अन्तर्गत पाकिस्तानी नागरिकहरुलाई भारत आउने अनुमति दिइने छैन| यसभन्दा अघिबाट जारी वीजा़ रद्द मानिने छ| यस वीजा़को मध्यमबाट भारतमा आउने पाकिस्तानी नागरिकलाई 48 घंटाभित्र भारत छोड़न पर्नेछ| विदेश सचिवले नयाँ दिल्लीमा पाकिस्तानी उच्चायोगमा रक्षा/सैन्य, नौसेना अनि वायु सेना सलाहकारहरुलाई एक सप्ताहभित्र भारत छोड़न पर्ने बताउनुभयो| भारत पनि आफ्नो रक्षा/सैन्य, नौसेना अनि वायु सेना सलाहकारहरुलाई इस्लामाबादमा भारतीय उच्चायोगबाट फिर्ता बोलाईएको छ| श्री मिश्रीले दुवै देशका उच्चायोगहरूमा यी पदहरू रद्द मानिने बताउनु भयो|

विदेश सचिवले मइ १ सम्ममा उच्चायोगहरूमा कर्मचारीहरूको संख्या ५५ बाट घटाएर ३० मा झारिने बताउनु भयो|

Byte 3

**पहलगाम- सर्वदलीय बैठक**

सरकारले पहलगाम आतंकी हमलापछि आज नयाँ दिल्लीमा सर्वदलीय बैठक बोलाएको छ| सूत्रले भनेको छ बैठक बेलुकी 6 बजी संसद भवन परिसरमा हुनेछ|

**पीएम- बिहार रेल परियोजना**

प्रधानमंत्री नरेन्द्र मोदी आज राष्ट्रीय पंचायतीराज दिवसको अवसरमा बिहारको मधुबनीमा आयोजित कार्यक्रममा भाग लिनुहुनेछ| यस अवसरमा उहाँले 13 हजार चार सय 80 करोड रुपियाँ लागतको अनेक विकास परियोजनाहरुको शुभारंभ अनि शिलान्यास गर्नुहुनेछ| जसमा रेलवे अनि बिजली क्षेत्रको परियोजना पनि सामेल छन्| हमारे संवाददाताले जानकारी दिए अनुसार प्रधानमंत्री मधुबनीबाट वीडियो कॉफ्रेंसको माध्यमबाट चार रेलगाडिलाई झंन्डा देखाएर प्रस्थान गराउनु हुनेछ तथा तीन रेल लाइन अनि दुइ रेल पुलको उद्घाटन पनि गर्नुहुनेछ| यस अवसरमा प्रधानमंत्री मोदीले विशेष श्रेणीको **राष्ट्रीय पंचायत पुरस्कार-2025** पनि

प्रदान गर्नुहुनेछ। यस पुरस्कारको उद्देश्य जलवायु परिवर्तन, राजकोषीय आत्मनिर्भरता अनि क्षमता निर्माण जस्ता क्षेत्रमा अनुकरणीय प्रदर्शन गर्ने ग्राम पंचायत अनि संस्थानलाई मान्यता दिनु हो।

**राजनाथ सिंह**

रक्षामन्त्री राजनाथ सिंहले पहलगाम आक्रमणका दोषीहरूलाई चाँडै नै कडा र स्पष्ट जवाफ दिइने बताउनु भएको छ। भारतीय वायुसेनाका मार्शल अर्जन सिंहको स्मृतिमा नयाँ दिल्लीमा आयोजित एक व्याख्यानमा बोल्दै श्री सिंहले आतंकवाद विरुद्ध भारतको शून्य सहनशीलता नीति दोहोऱ्याउनु भयो। उहाँले पहलगाम आक्रमणका दोषीहरूलाई सरकारले उचित जवाफ दिने बताउनु भयो। रक्षामन्त्रीले यस आक्रमणको प्रतिकार गर्न आवश्यक सबै कदम चालिने भन्दै पहलगाम आतंकवादी हमलाको निन्दा गर्नुभयो|

**पर्यटन-पहलगाम**

पहलगाम आतंकवादी हमलापछि जम्मू कश्मीरको पर्यटन मन्त्रालयले सबै पर्यटक सेवा प्रदायकहरूलाई पर्यटकहरूलाई सबै सम्भव सहयोग प्रदान गर्न अनुरोध गरेको छ। मन्त्रालयले सबै ट्राभल एजेन्टहरू, टुर अपरेटरहरू, अनलाइन ट्राभल एग्रीगेटरहरू, पर्यटक यातायात प्रदायकहरू र होटल व्यवसायीहरूलाई रद्द शुल्क माफ गर्न पनि आग्रह गरेको छ।

**केरल-आतंकवाद-शव**

पहलगाम आतंकी हमलामा ज्यान गुमाएका केरलका कोच्चि निवासी एन रामचंद्रनको पार्थिव शरीर हिज साझ कोच्चि अंतर्राष्ट्रीय हवाई अड्डा पुराइयो।केंद्रीय राज्य मंत्री सुरेश गोपी अनि जॉर्ज कुरियन, केरलका कृषि मंत्री पी प्रसाद अनि राज्य विधानसभामा विपक्ष नेता वी डी सतीशन अनि **पूर्व केंद्रीय मंत्री एवं भाजपा प्रदेश अध्यक्ष राजीव चंद्रशेखर** सहित सयौ मानिसहरुले हवाई अड्डामा श्रद्धांजलि अर्पित गरेको थियो। घटनाको समय रामचंद्रन आफ्नो परिवारको साथ जम्मू-कश्मीरमा छुट्टि मनाउनका निम्ति गएका थिए। उनको अंतिम संस्कार शुक्रवार गरिने छ।

**जितेन्द्र सर्वाइकल क्यान्सर**

केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले देशमा सर्वाइकल क्यान्सर पत्ता लगाउन स्वदेशी रूपमा विकसित HPV परीक्षण किटको समीक्षा गर्न संयुक्त बैठक बोलाउनु भएको छ। यस अवसरमा डा. सिंहले यो HPV परीक्षण किटको प्रशंसा गर्दै यसलाई निवारक स्वास्थ्य सेवामा महत्त्वपूर्ण रहने बताउनु भयो। उहाँले निवारक स्वास्थ्य सेवा विकास गर्नुपर्ने आवश्यकतामा पनि जोड दिनु दिनुभयो। श्री सिंहले भन्नुभयो विश्वव्यापी सर्वाइकल क्यान्सरबाट हुने २५ प्रतिशत मृत्यु भारतमा हुन्छ।

**संयुक्त राष्ट्र-पहलगाम**

संयुक्त राष्ट्र महासचिव अंतोनियो गुतेरसले पहलगाममा भएको आंतकी हमलाको कडा निंदा गर्नुभएको छ। उहाँले आम नागरिकहरु बिरुद्ध हमलालाई अस्वीकार्य बताउनुभयो। संयुक्त राष्ट्र महासचिवका प्रवक्ता स्टीफन दुजारिकले भन्नुभयो श्री गुतेरसले हमलामा मारिएका नागरिकहरुको परिजन प्रति गहिरो संवेदना व्यक्त गर्नुभएको छ।

**भारत-नेपाल**

ऊर्जा तथा आवास तथा शहरी मामिला मन्त्री मनोहर लाल खट्टरले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीसँग शिष्टाचार भेट गर्नुभएको छ। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटवार्तामा दुई देशबीचको मैत्रीपूर्ण तथा सांस्कृतिक सम्बन्ध, ऊर्जा क्षेत्रको विकास र सहयोगका विभिन्न पक्षहरूमा छलफल भएको थियो।

श्री खट्टरलेले अरुण-३ जलविद्युत परियोजनाको निरीक्षण गर्नुभयो। यस क्रममा दुवै मन्त्रीको उपस्थितिमा पावर ग्रिड कर्पोरेशन लिमिटेड र नेपाल विद्युत प्राधिकरणबीच समझदारीपत्रमा हस्ताक्षर पनि भएको थियो।

**टर्की-भूकम्प**

हिज टर्कीको इस्तानबुल शहरमा बारम्बार गएको भूकम्पले धेरै भवनहरूमा नोक्सानी पुगेको छ। भूकम्पको धक्का यति शक्तिशाली थियो कि मानिसहरू घर र कार्यालयबाट बाहिर निस्किए। डरले उचाइबाट हाम फाल्दा कम्तीमा १५१ जना घाइते भएको अधिकारीहरूले बताएका छन्। संयुक्त राज्य भूगर्भ सर्वेक्षण (USGS) का अनुसार ६.२ म्याग्निच्युडको भूकम्प केवल १० किलोमिटर गहिराइमा गएको थियो। भूकम्पको केन्द्रबिन्दु इस्तानबुलबाट करिब ४० किलोमिटर दक्षिणपश्चिममा रहेको मारमारा समुद्रमा थियो। मिडिया रिपोर्टका अनुसार ५१ वटा भूकम्पका झट्का रेकर्ड गरिएका छ|

**बीसीसीआई पहलगाम श्रद्धांजलि**

भारतीय क्रिकेट नियन्त्रण बोर्डले हिजो हैदराबादमा मुम्बई इन्डियन्स र सनराइजर्स हैदराबादबीचको आईपीएल म्याचको क्रममा पहलगाम आतंकवादी हमलामा मारिएकाहरूलाई श्रद्धाञ्जली अर्पण गरेको छ। म्याच सुरु हुनुभन्दा अगाडि मृतकहरुको सम्झनामा ६० सेकेन्डको मौनधारण गरिएको थियो। यसपछि औपचारिक शोक घोषणा गरियो। रंगशालामा उपस्थित दर्शकहरू र प्रत्यक्ष प्रसारण हेर्नेहरूले पनि श्रद्धाञ्जलीमा सामेल हुन सक्षम बन्यो। दुवै टोलीका कप्तानहरूले यस क्रूर हत्याको घोर निन्दा गर्दै समवेदना व्यक्त गरेका छन्। खेलभरि खेलाडी, कमेन्टेटर र सहयोगी कर्मचारीले कालो पट्टी बाँधेका थिए। बीसीसीआईले यो म्याचमा कुनै आतिशबाजी, संगीत र चियरलिडर बिना नै सञ्चालन गर्ने निर्णय गरेको थियो। बीसीसीआईका सचिव देवजित सैकियाले भन्नुभयो यस आतंकवादी घटनामा निर्दोष मानिसहरूको मृत्युबाट क्रिकेट समुदाय दुःखी छ।

**योगासन चैंपियनशिप**

दोस्रो एसियाली योग च्याम्पियनसिप भोलिदेखि नयाँ दिल्लीको इन्दिरा गान्धी इन्डोर स्टेडियममा सुरु हुँदैछ। योगासन भारतद्वारा आयोजित यो तीन दिने प्रतियोगिता २७ तारिखसम्म जारी रहनेछ। २१ एसियाली देशका १७० भन्दा बढी खेलाडीहरूले भाग लिनेछन्। यो कार्यक्रम योगलाई प्रतिस्पर्धी विश्वव्यापी खेलको रूपमा प्रवर्द्धन गर्ने सरकारको प्रयासको एक हिस्सा हो। विश्व योगासनका महासचिव डा. जयदीप आर्यले प्रधानमन्त्री नरेन्द्र मोदीले योगलाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गरेको र अब यसले खेलको दर्जा पाएको बताउनु भयो।

**आईपीएल टी20 क्रिकेट**

आईपीएल क्रिकेटमा **मुंबई इंडियंसले** हिज राती **सनराइजर्स हैदराबाद** लाई सात विकेटले पराजित गरेको छ। मुंबई इंडियंसले 15 ओवर चार बलमा तीन विकेटमा 146 रन बनाएर जीतको लक्ष्य सहजताका साथ हासिल गर्यो। सनराइजर्सहैदराबादले पहिले ब्यार्टिंग गर्दै निर्धारित 20 ओवरमा आठ विकेट गुमाएर 143 रन बनाएको थियो।मुंबई इंडियंसका लागि ट्रेंट बोल्टले 26 रन खर्च गरेर चार विकेट लिए।